# नीति तथा कार्यक्रम

## (आ.व. २०७७/७८)

**मर्स्याङ्दी गाउँपालिका**

**भुलभुले, लमजुङ ।**

**गाउँ सभाका अध्यक्ष ज्यू, तथा सभाका सदस्यज्यूहरु,**

यस सम्मानित सभामा आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु । सर्वप्रथम नेपालको युगान्तकारी परिवर्तन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको निम्ति विभिन्न चरणका ऐतिहासिक जनआन्दोलन, १० वर्षे सशस्त्र जनयुद्ध,२०६२/६३ को १९ दिने जनआन्दोलन,मधेश आन्दोलन लगायत विभिन्न वर्ग, क्षेत्र र समुदायहरुबाट भएका आन्दोलनमा आफ्नो अमूल्य जीवनको बलिदान गर्नुहुने महान् शहिदहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दछु । बेपत्ता योद्धाहरु,पीडित परिवार र आफन्तजनप्रति सम्मान व्यक्त गर्दछु । साथै मुक्ति आन्दोलनमा सरिक भई घाइते योद्धाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

ऐतिहासिक संविधान सभाबाट बनेको नेपालको संविधान २०७२ मार्फत हामी संघीयता संस्थागत गरी कार्यान्वयनको चरणमा छौं । विगतको वर्षमा बनाएका नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको चरणमा जाँदा देखिएका कमजोरी र समस्याहरुबाट पाठ सिक्दै, जनताको आवश्यकता, चाहना र कार्यान्वयनको तत्परतालाई ध्यानमा राख्दै, देशले वि.स. २०७९ सम्ममा अति कम विकसित देशबाट विकसित देशमा स्तरोन्नति गर्ने र वि.स.२०८७ साल सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने लक्ष्य लिएको छ। यिनै राष्ट्रिय लक्ष्यलाई समेत आधार मान्दै आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार पारिएको छ। यस गाउँपालिकाको विकास र समृद्धिका निम्ति सदैव सकारात्मक सोचका साथ हामीलाई सहयोग, सल्लाह, सुझाव तथा सकरात्मक पृष्ठपोषण प्रदान गर्नुहुने सम्पूर्ण गाउँपालिका वासीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। अनवरत रुपमा खटेर सहयोग गर्नुहुने, जनप्रतिनिधि, राष्ट्रसेवक - कर्मचारी, शिक्षक, सुरक्षाकर्मी, विकास आयोजनाहरुका उपभोक्ता समिति,महिला,युवा,किसान,जेष्ठ नागरिक, अपाङ्ग, बालबालिका लगायत सम्पूर्ण सञ्जाल र समितिहरु लगायत सम्वन्धित विभिन्न संघ संस्था सबैप्रति आभार सहित धन्यवाद प्रकट गर्दछु। अब म यस मर्स्याङदी गाउँपालिकाको गरिमामय सभामा आगामी आ.व. २०७७/०७८ को लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु। गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि विकास प्रयासहरुलाई मार्गदर्शन गर्न र स्रोत साधनहरुको उपयोगमा दिशानिर्देशन गर्ने हेतुले यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । यसैको नीतिगत मार्गदर्शनमा आगामी आ.व.२०७७/०७८ को वजेट तर्जुमा गरी विनियोजन गरिनेछ। जस अनुसार गाउँपालिकाले काम गर्नुपर्ने विभिन्न विषयगत क्षेत्रहरुमा निम्नानुसारका नीति लिइनेछ। संघीय र प्रदेश सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान, राजस्व वाडफाँड वापत प्राप्त अनुदान, विशेष अनुदान, विद्युत रोयल्टी आन्तरिक स्रोत (राजस्व) तथा अन्य अनुदानलाई आधार मानी वजेट विनियोजन गर्ने नीति लिइनेछ।

### ❖ आर्थिक विकास नीति :

विश्व माहामारीको रुपमा उत्पन्न कोरोना भाईरस (कोभिड-१९) कारण विश्व अर्थतन्त्र नै खस्किएको अवस्थामा हाम्रो जस्तो विकासोन्मुख राष्ट्रमा त झनै ठूलो प्रभाव परेको छ । देशमा परेको प्रभाव र असरका कारण स्थानीय तहहरुलाई पनि आर्थिक रुपमा सवलीकरण हुन निकै कठिनाई छ । परनिर्भर अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन प्रत्येक स्थानीय तहले आर्थिक विकासको नीति तथा योजना तर्जुमा गरी स्रोत साधन केन्द्रित बजेट परिचालन गर्नु आजको मुख्य आवश्यकता हो। मानिसको दैनिक उपभोग्य वस्तुहरु बाहिरबाट आयात गर्नुपर्ने, स्थानीय स्तरमा उत्पादनको कमी हुनु, उत्पादन भएका वस्तुको बजारीकरणमा किसानको पहुँच नहुने जस्ता समस्याहरुले हाम्रो जस्तो ग्रामीण कृषि पेशामा आधारित अर्थतन्त्रमा आर्थिक विकासको लागि थुप्रै चुनौतीहरु देखा परेका छन्। स्थानीय कच्चा पदार्थको उपयोगको अभावमा स्थानीय स्तरका साना, मझौला र ठूला उद्योगहरुको स्थापना गर्न सकिएको छैन । सहकारी मार्फत कृषकहरुलाई आत्मनिर्भर बनाउँदै व्यवसायिकतामा जोड दिन जरुरी छ। स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्दै सामाजिक न्याय सहितको लोक कल्याणकारी राज्य

स्थापना गर्ने नेपालको संविधानको लक्ष्यलाई आत्मसाथ गर्दै उत्पादनशील रोजगार उन्मुख, न्यायपूर्ण वितरण, गरिबी न्यूनीकरण गर्दै उच्च आर्थिक वृद्धिदर कायम गरी सामाजिक एवं आर्थिक रुपान्तरण गर्ने उद्देश्य लिइएको छ। विकासोन्मुख राष्ट्रबाट विकसित राष्ट्र निर्माण गर्न आर्थिक समृद्धिमा लाग्न जरुरी छ । समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय अभियानलाई अनुभूत गर्दै, समृद्ध मर्स्याङ्दी, सुखी मर्स्याङ्दीबासी जनता भन्ने अभियानलाई सार्थक बनाउनका लागि श्रम, सीप, प्रविधि र पूँजीको व्यबस्थित परिचालनको खाँचो छ। गरिवी, भोकमरी, असमानता आदिको अन्त्य गरी दिगो विकासको लक्ष्य हासिल गर्नका लागि जल, जमिन, जंगल र जनशक्तिको उचित प्रयोग र परिचालन गर्दै कृषि, पशुपालन, जडिबुटी, पर्यटन, जलविद्युत, व्यापार व्यवसाय मार्फत आर्थिक क्षेत्रको विकासमा मुख्य जोड दिन जरुरी छ। आर्थिक क्षेत्रका विकासका निम्ति निम्न बमोजिमका नीतिहरु अवलम्बन गरिनेछ।

- **कृषि विकास नीति :-**
  १. रासायनिक मलको परनिर्भरतालाई न्यूनीकरण गर्दै प्राङ्गारिक मलको प्रयोगमा विस्तार गरी गुणस्तरीय उत्पादनमा जोड दिइनेछ।
  २. कृषि विज्ञहरुबाट भएको सम्भाव्यता अध्ययनको प्रतिवेदनबाट प्राप्त सुझावको आधारमा कृषिसँग सम्वन्धित खेती प्रणालीमा जोड दिई भूगोल र हावापानीको आधारमा उत्पादनमुलक क्षेत्र निर्धारण गरी उत्पादनमा बृद्धि गरिनेछ । उत्पादित वस्तुको बजारीकरण, प्रशोधन र वितरणमा सहकारीहरुको सहभागितालाई अभिवृद्धि गरिनेछ।
  ३. **एक घर एक करेसावारी, स्वास्थ्यका लागि आफ्नै तरकारी** कार्यक्रमलाई अभियानकै रुपमा अगाडि बढाइनेछ।
  ४. सडक पहुँचको आधारमा एक गाउँ एक उत्पादन मोडेल कार्यक्रम सञ्चालन गरिनेछ।
  ५. गाउँपालिकालाई आत्मनिर्भर बनाउँदै निर्यात गर्ने उद्धेश्यका साथ तरकारी तथा फलफूल नर्सरी स्थापना गर्न सहकारी, कृषक समूह तथा व्यवसायिक किसानहरुलाई आवश्यक सहयोग गर्ने नीति अवलम्बन गरिनेछ।
  ६. संघ र प्रदेश सरकारको सहकार्यमा कृषि जन्य उत्पादन, प्रशोधन र बजारीकरणमा जोड दिईनेछ।
  ७. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न यान्त्रिकरण, आधुनिकीकरण र व्यवसायीकरणलाई प्रवर्द्धन गरिनेछ।
  ८. उत्पादनमा आधारित अनुदानलाई जोड दिइनेछ।
  ९. कृषि बिमालाई प्रोत्साहित गरिनेछ । विमाको बिमांक रकमको १५ प्रतिशत गाउँपालिकाद्धारा उपलब्ध गराइनेछ।
  १०. स्थानीय लोपोन्मुख रैथाने वालीहरुको संरक्षण र प्रवर्द्धन गर्दै गाउँपालिका स्तरीय विउ बैंकको स्थापनामा जोड दिइनेछ।

- **पशुपंक्षी विकास नीति :-**
  १. माछा, मासु, दूध र अण्डामा आत्मनिर्भर बनाई उत्पादन, प्रशोधन र विक्री वितरणमा जोड दिइनेछ।
  २. परम्परागत भेडा, बाखा, गाई, भैंसीका घुम्ती गोठ तथा खर्कहरुलाई सुदृढ गर्दै पशुजन्य बस्तु तथा परिकारको प्रशोधन र व्यवसायीकरणमा जोड दिइनेछ।
  ३. बजार क्षेत्रहरुमा आधुनिक र व्यवस्थित पशु वधशालाको निर्माणमा सहयोग गरिनेछ।

४. पशुपंक्षी पालनलाई व्यवस्थित बनाउँदै आधुनिक नमुना फर्महरुको विकासमा जोड दिइनेछ ।
५. पशुपंक्षी बिमालाई प्रोत्साहित गरिनेछ । विमाको बिमांक रकमको १५ प्रतिशत गाउँपालिकाद्धारा उपलब्ध गराईनेछ ।
६. घुम्ती गोठका पशुहरुको निम्ति आधुनिक घाँस खेती विकासमा जोड दिइनेछ । निश्चित चरण क्षेत्रहरु निर्धारण गरिनेछ ।
७. गाउँपालिकालाई आत्मनिर्भर बनाउँदै निर्यात गर्ने उद्धेश्यका साथ व्यवस्थित घाँस नर्सरी स्थापना गर्न सहकारी, कृषक समूह तथा व्यवसायिक किसानहरुलाई आवश्यक सहयोग गर्ने नीति अवलम्बन गरिनेछ।

- **पर्यटन विकास नीतिः-**

१. विश्व महामारीको रुपमा उत्पन्न कोभिड-१९ का कारण सुस्ताएका पर्यटन व्यवसायलाई क्रमश प्रवर्द्धन गर्दै लैजान आवश्यक पहल गरिनेछ ।
२. पर्यटन विकासलाई गाउँपालिकाको आर्थिक विकासको आधार मानि आन्तरिक तथा बाह्य पर्यटक आगमन बढाउन प्रचार-प्रसार र पर्यटन प्रवर्द्धन गरिनेछ ।
३. ऐतिहासिक राष्ट्रिय व्यक्तित्वहरु भुगोलविद डा.हर्क गुरुङ , युद्धनायक सरदार वीर भक्ति थापा, राष्ट्रकवि माधवप्रसाद घिमिरेको चिनारी हुने स्थलहरु संरक्षण र पार्कहरु निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
४. यस गाउँपालिकाका पर्यटकीय स्थलहरु जगत तातोपानी कुण्ड, रक गार्डेन, स्याँगे झरना, अक्टोपस झरना, बुङ्ग झरना, हाम खोला झरना, हर्सिङ डाँडा ,दूधपोखरी, वराहपोखरी, सुन्दरताल, ठुलनागी ताल, होमस्टे गाउँहरु सिउरुङ, घनपोखरा, भुस्मे, भलामचौरलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ । त्यस्तै ढगैं, छापा, मिप्रा, संजापु, भिरपुस्तुन, उस्ता, नयाँगाउँ लगायतका गाउँहरुलाई होमस्टे गाउँहरुको रुपमा विकास गरिनेछ ।
५. संघीय सरकार र प्रदेश सरकारसँग सहकार्य गरी पर्यटकहरुको बृद्धिका लागि प्रचार प्रसारमा जोड दिइनेछ ।
६. बोटिङ, क्यानोङिन, जीप लाइन, रक क्लाइम्बिङ, प्याराग्लाईडिङ जस्ता साहसिक खेलको विकास र प्रवर्द्धनमा जोड दिइनेछ ।
७. कृषि पर्यटन विकासमा जोड दिइनेछ ।
८. परम्परागत मह शिकारलाई पर्यटनसँग जोडिनेछ ।

- **उद्योग, व्यापार तथा व्यवसाय नीति :**

१. एक पालिका एक उद्योगग्राम स्थापनाको लागि आवश्यक प्रकृया अगाडि बढाइनेछ ।
२. स्थानीय, कृषि, वन र जडीबुटी सँग सम्वन्धित कच्चा पदार्थहरुको प्रयोग गरी साना तथा घरेलु उद्योगहरु स्थापनामा प्रोत्साहन र सहयोग गरिनेछ ।
३. यार्सागुम्बा, वन लसुन, सतुवा, निर्मसी, दालचिनी, जटामसी, पाँचऔंले, तितेपाती, चिराईतो, कुट्की, हार्रो, बर्रो, अमला लगायतका जडीबुटी भएको यस गाउँपालिकामा नीति, सहकारी र साझेदारीमा जडीबुटी संकलन-प्रशोधन तथा विक्री केन्द्रको स्थापना गरी जडीबुटी निकासमा जोड दिइनेछ ।
४. चाँप, कटुस, उत्तिस, साल, खयर, टुनि जस्ता काठ जन्य वस्तुहरुको उचित प्रयोग तथा व्यवस्थापनमा जोड दिईनेछ ।

५. ढुङ्गा, गिट्टी तथा वालुवाको स्रोतको खोजी र पहिचान गरी प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEE) सम्पन्न गरी उत्खनन र निकासी गर्ने व्यवस्था मिलाइनेछ ।
६. सार्वजनिक, सहकारी र निजी लगानी अर्थतन्त्रको तीन खम्बे नीतिलाई आत्मसाथ गरिनेछ । साथै काठ सँग सम्वन्धित उद्योग स्थापनामा आवश्यक सहयोग र समन्वय गरिनेछ ।

- **बैंक तथा सहकारी नीति :-**

१. विगतमा गरिबी निवारण कोषद्धारा सञ्चालित घुम्ती कोष समूहलाई सहकारीमा परिणत गरी उक्त कोषलाई गरिबी निवारण र रोजगारी सृजनामा उपयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
२. सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून र मापदण्ड निर्माण, कार्यान्वयन र नियमनमा जोड दिइनेछ ।
३. कम पूँजी र समान उद्देश्य भएका सहकारीलाई एकीकरण गर्न प्रोत्साहन गरिनेछ ।
४. सहकारी संस्थाको क्षमता अभिवृद्धि, प्रवर्द्धन र विकासमा सहयोग गरिनेछ ।
५. सहकारीहरुलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने नीति अवलम्बन गरिने छ ।
६. सहकारीको सिद्धान्त, मूल्य र मान्यतालाई आत्मसाथ गर्दै सदस्यहरुको हितमा काम गर्न समन्वय र सहजीकरण गरिनेछ ।
७. कोभिड १९ को कारण रोजगारी गुमाएका युवाहरुलाई बैंक तथा सहकारी मार्फत साझेदारीमा सहज र सहुलियत कर्जाको लागि आवश्यक समन्वय गरिनेछ ।

- **गरिबी निवारण सम्बन्धी नीति :-**

१. गरिबीको रेखामुनि रहेका घरपरिवारहरुको पहिचान, तथ्याङ्क संकलन गरी आर्थिक गतिविधि तथा रोजगारीमा प्राथमिकतामा राखिनेछ ।
२. गरिब, विपन्न, दलित बालबालिकालाई आर्थिक, सामाजिक, राजनैतिक रुपमा प्रतिस्पर्धी प्राविधिक तथा उच्च शिक्षा अध्ययनका लागि कार्यविधि बमोजिम समावेशीताको आधारमा छात्रावृत्ति प्रदान गरिनेछ ।
३. खरको छानामुक्त पालिका अभियानलाई निरन्तरता दिइनेछ ।
४. भूमिहिन सुकम्बासीहरुको पहिचान गरी न्यूनतम् जीविकाका लागि जग्गा उपलब्ध गराउन आवश्यक प्रकृया अगाडि बढाईनेछ । साथै भूमिहिन,सुकुम्बासीका बालबच्चाको अध्ययनमा आवश्यक सहयोग गरिनेछ ।

❖ **सामाजिक विकास नीति :**

- **शिक्षाः**

१. शिक्षा प्राप्ती बालबालिकाको मौलिक अधिकार हो । विद्यालयको सिकाइलाई नतिजामुखी बनाउन गाउँपालिकाबाट पारित २५ बुँदे शैक्षिक घोषणाको कार्यान्वयनलाई निरन्तरता दिइनेछ ।
२. गाउँपालिका स्तरीय शैक्षिक कार्यक्रमलाई निरन्तरता दिँदै पूर्ण रुपमा लागू गरिनेछ । उत्कृष्ट नतिजा ल्याउन सफल विद्यालय र विद्यार्थीहरुलाई थप प्रोत्साहन गर्ने नीति लिइनेछ ।
३. गाउँपालिकाको शिक्षण सिकाइका क्रियाकलापलाई बाल, अपाङ्ग तथा प्रविधी मैत्री बनाउन जोड दिइनेछ ।
४. खानेपानी, छात्रामैत्री शौचालय, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब र पुस्तकालयको उचित व्यवस्थापन गर्दै प्रयोगात्मक शिक्षामा जोड दिइनेछ ।
५. अभिभावकहरुको साझेदारीमा वालविकास केन्द्र र विद्यालयका १-५ कक्षामा अध्ययनरत विद्यार्थीसंख्याको आधारमा दिवा खाजा संचालनका लागि अनुदान उपलब्ध गराइनेछ ।
६. नैतिक , व्यवसायिक , व्यवहारिक ,उद्यमी जनशक्ति तयार गर्न स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

७. मर्स्याङ्दी गाउँपालिका वडा नं. ९, ग्रामीण तालिम केन्द्रमा कृषि तर्फको ३ बर्षे डिप्लोमा कक्षा संचालनमा ल्याउन आवश्यक पहल गरिनेछ ।
८. एक पालिका एक प्राविधिक धारका विद्यालय स्थापनामा जोड दिइनेछ ।
९. भूगोल तथा विद्यार्थी संख्याको आधारमा विद्यालयहरुको समायोजन गरी उचित व्यवस्थापनमा जोड दिइनेछ ।
१०. शिक्षासँग सरोकार राख्ने गै.स.स सँग सहकार्यको नीति अगाडि बढाइनेछ ।
११. विद्यालयहरुमा क्रमशः भूकम्प प्रतिरोधी, वाल तथा अपाङ्ग मैत्री संरचना निर्माणमा जोड दिइनेछ।
१२. नेपाल सरकारको एक स्थानीय तह एक नमूना विद्यालय स्थापनाको नीतिलाई आत्मसात गरी सहकार्यका कार्यक्रम अगाडि बढाइनेछ ।
१३. गाउँपालिकाको आन्तरिक स्रोतमा वृद्धि गरी प्रोत्साहन स्वरुप गाउँपालिकाका वाल शिक्षिका, विद्यालय सहयोगी,कार्यालय सहयोगीहरुलाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
१४. स्नातक तह सम्मको सामुदायिक क्याम्पस स्थापना गर्ने कार्यमा आवश्यक पहल गरिनेछ ।
१५. आधारभूत र माध्यमिक तहका छात्राहरुलाई स्यानिटरी प्याड उपलब्ध गराइनेछ ।
१६. गरिब, विपन्न, जेहेन्दार, दलित छात्रा-छात्रहरुलाई उच्च शिक्षा अध्ययनका निम्ति छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
१७. कोभिड १९ को महामारीको कारण शिक्षण सिकाइ क्रियाकलापमा परेको प्रभावलाई न्यूनीकरण गर्न टोल सिकाई केन्द्रहरु सञ्चालन र सिकाईका अन्य सम्भाव्य विधिहरु अवलम्बन गरिनेछ ।
१८. कक्षा छोड्ने र कक्षा दोहोर्‍याउने बालबालिकाको संख्यालाई शुन्यमा झारिनेछ ।
१९. जनप्रतिनिधि,शिक्षक,कर्मचारीका सन्ततीहरु लाई सामुदायिक विद्यालयमा भर्ना गराउने नीति लिईनेछ ।

- **स्वास्थ्य नीति :**

१. आधारभूत, निःशुल्क स्वास्थ्यसेवालाई थप प्रभावकारी बनाइनेछ साथै नियमित सेवाको पहुँचमा रहेका जनतालाई घुम्ती शिविरहरु मार्फत सेवा प्रदान गरिनेछ ।
२. स्वास्थ्य चौकीहरुको आफ्नै भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
३. गाउँपालिका भित्र ५ देखि १५ शैयाको प्राथमिक अस्पताल निर्माणको लागि आवश्यक प्रकृया अगाडि बढाइनेछ ।
४. आवश्यकता अनुसार स्वास्थ्य शिविरहरु सञ्चालनमा ल्याइनेछ ।
५. यस गाउँपालिकाको खुदी र घेर्मुमा सञ्चालित ल्याव सेवालाई थप व्यवस्थित गर्न आवश्यक पहल गरिनेछ ।
६. औषधी खरिद लगायत स्वास्थ्य सेवाका लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।
७. घरमा प्रसुतिरहित गाउँपालिका घोषणाको लागि सचेतना कार्यक्रम र सुत्केरी महिलाका लागि पोषण कार्यक्रम सञ्चालन गर्नुका साथै घरबाट प्रसुति केन्द्र सम्म एम्बुलेन्समा ल्याउने र पुर्‍याउने व्यवस्था गरिनेछ ।
८. लुकेर बसेका क्षयरोगीहरुलाई समयमा नै पत्ता लगाई उपचारको व्यवस्था मिलाउन दुरदराजमा रहेका बस्तीहरुमा खकार संकलन गरी आवश्यक जाँच गरिनेछ ।
९. प्रत्येक वडामा रहेका आमा समूह र विद्यालयहरुमा किशोर किशोरीहरुलाई सम्बन्धित वडाको स्वास्थ्य संस्थाबाट प्रजनन स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्न व्यवस्था मिलाइनेछ ।
१०. गर्भवती महिलालाई अनुमानित प्रसुति मिति भन्दा एक हप्ता अघि देखि नै अनिवार्य निगरानीका साथै आवश्यक परामर्श सेवा प्रदान गरिनेछ ।
११. स्वास्थ्य सेवा प्रवाहका क्रममा स्वास्थ्यकर्मीहरुलाई हुन सक्ने सम्भावित जोखिम न्यूनीकरणका लागि आवश्यक स्वास्थ्य सामग्रीको व्यवस्था गरिनेछ ।

१२. गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मीहरुलाई आवश्यक अभिमुखीकरण तथा तालिमको व्यवस्था गरिनेछ ।
१३. पालिकामा रहेका मानसिक विरामीहरुको पहिचान गरी मनोपरामर्श तथा निशुल्क औषधीको व्यवस्था गरिनेछ ।
१४. कोभिड १९ का कारण सिर्जित हुनसक्ने विषम परिस्थितिलाई व्यवस्थापन गर्न सम्भाव्य अधिकतम पहल कदमी गरिनेछ । साथै आवश्यकता अनुसार क्वारेन्टाइन र होम क्वारेन्टाइनलाई थप प्रभावकारी बनाउँदै आइसोलेसन र संक्रमितको उपचारको लागि संघ, प्रदेश, जिल्ला र अन्तरपालिका समन्वय एवं सहकार्य गरिनेछ र कोरोना विरुद्ध आत्मबल बढाउन सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
१५. गाउँपालिकाका सम्पूर्ण माध्यमिक विद्यालयहरुमा विद्यालय आयुर्वेद स्वास्थ्य र योग शिक्षा कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरुको माध्यमबाट यस गा.पा.लाई स्वस्थ बनाउन पहल गरिनेछ ।
१६. स्थानीय जडीबुटी परिचयात्मक कार्यक्रम सञ्चालन गरी हाम्रो वरपर भएका अमूल्य जडीबुटीको परिचय तथा प्रयोगको बारेमा जानकारी गराइनेछ ।
१७. आयुर्वेद गाउँघर क्लिनिकलाई निरन्तरता, विस्तार र थप प्रभावकारी बनाइनेछ ।
१८. योगको माध्यमबाट रोग प्रतिरोधात्मक क्षमता वृद्धि गराउन जनता आरोग्य तथा स्वस्थ जीवनशैली कार्यक्रम सञ्चालनको सुरुवात गरिनेछ ।
१९. संघ र प्रदेश सरकार सँगको सहकार्यमा स्वास्थ्य बिमा कार्यक्रमलाई अगाडि बढाइनेछ । अति विपन्न तथा दलित घर परिवारका सदस्यहरुको स्वास्थ्य बिमाको प्रिमियम रकम गाउँपालिकाले भुक्तानी दिने नीति लिइनेछ ।

- **खानेपानी तथा सरसफाइ नीति :-**

१. नागरिकहरुलाई सफा, स्वच्छ र सुरक्षित खानेपानीको व्यवस्था गर्न क्रमिक रुपमा एक घर एक धाराको आयोजनाहरु सञ्चालन गरी सफा, स्वच्छ, र सुरक्षित पिउने पानी व्यवस्था गरिनेछ ।
२. आफ्नो घर, टोल, बस्ती, वडा र गाउँपालिका सफा र सुरक्षित बनाउन पूर्ण सरसफाई उन्मूख योजनालाई कार्यान्वयनमा ल्याइने र सरसफाईका सूचकहरु तोकी कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ ।
३. खानेपानीका मुहान र जलाधार क्षेत्रको संरक्षण गरिनेछ ।
४. पालिकालाई पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणा गरी सफा मर्स्याङ्दी अभियानलाई निरन्तरता दिइनेछ ।
५. फोहोरमैला संकलन, वर्गीकरण र यसको उचित व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

- **धार्मिक,साहित्य तथा संस्कृति प्रवर्द्धन**

१. परम्परागत प्राचीन मौलिक संस्कार संस्कृतिको संरक्षण, जगेर्ना, विकास र प्रवर्द्धनमा जोड दिइनेछ । बालुन, सोरठी, घाटु, कृष्ण चरित्र, जोरीमाया, तमरोछोरी, झ्याउरे, तामाङ सेलो, भजन, चुड्का जस्ता साँस्कृतिक सम्पत्ति तथा परम्परागत पञ्चेबाजा तथा अन्य लोकबाजाहरुको संरक्षणमा जोड दिइनेछ ।
२. साँस्कृतिक सङ्ग्रहालय स्थापनामा उचित पहल गरिनेछ ।
३. पुरातात्विक महत्वको स्थान र सामग्रीको पहिचान तथा संरक्षण गरिनेछ ।
४. परम्परागत पानी घट्ट, ढिकी जाँतोको संरक्षण प्रवर्द्धन गरिनेछ ।
५. स्थानीय कला, संस्कृति, भेषभुषाको संरक्षण गर्न अध्ययन केन्द्र गठन गर्ने नीति लिइनेछ ।
६. राष्ट्र कवि माधव प्रसाद घिमिरे र कविवर डिल्लीजङ्ग गुरुङको नाममा साहित्य प्रतिष्ठान गठन गरी साहित्यिक कार्यक्रम सञ्चालन गरिनेछ ।

- **खेलकुद नीतिः**
  १. वडा स्तरीय र विद्यालय स्तरीय खेलकुद तथा विविध रचनात्मक कार्यक्रम तथा प्रतियोगिताहरुको सञ्चालनलाई निरन्तरता दिइनेछ ।
  २. जिल्ला र राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।
  ३. संघ तथा प्रदेश सरकारको सहकार्यमा गाउँपालिका भित्र एक बहुउपयोगी खेलमैदान निर्माणका लागि पहल गरिनेछ ।

- **राष्ट्रिय व्यक्तित्व, शहिद, वेपत्ता तथा स्थानीय राजनैतिक, सामाजिक अभियन्ताहरुको सम्मान तथा स्मरण सम्बन्धी नीतिः-**
  १. जनयुद्ध, जनआन्दोलन, महङ्गी, भ्रष्टाचार विरुद्धको आन्दोलन, विभिन्न जनसंघर्ष र जनमुक्ति आन्दोलनमा शहदात प्राप्त महान शहिदहरुको योगदानको सम्मान र सम्झनामा स्मृति अध्ययन केन्द्रलाई संस्थागत गरी शहिद तथा वेपत्ताको स्मरणमा स्मृति कार्यक्रमहरु संचालन गर्ने र जीवनीहरु प्रकाशन गर्न आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।
  २. शहिद तथा वेपत्ता योद्धाहरुको योगदानको उच्च मूल्यांकन गर्दै शहिद तथा वेपत्ता परिवारजनलाई सम्मान गरिनेछ ।
  ३. गणतन्त्र प्राप्तिको निम्ति सञ्चालित जनयुद्धको क्रममा तत्कालीन शाही सत्ताबाट वेपत्ता पारिएका तत्कालीन शिक्षक तथा सामाजिक अभियन्ता तेज बहादुर भण्डारीको स्थिति सार्वजानिक गर्न संघीय सरकार र मातहतका निकायसँग आवश्यक पहल गरिनेछ ।
  ४. युद्धनायक सरदार भक्ति थापालाई राष्ट्रिय विभूति घोषणा गर्नका लागि संघ, प्रदेश सरकार सँग आवश्यक प्रकृया अगाडि बढाइनेछ ।
  ५. गाउँपालिकाको भूगोल भित्र जन्मिएर राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा ख्याति प्राप्त व्यतित्वहरु सरदर वीर भक्ति थापा, राष्ट्रकवि माधव प्रसाद घिमिरे, डा. हर्क गुरुङ, कविवर डिल्लीजङ्ग गुरुङ, डा.सुर्य सुवेदी लगायत विभिन्न कालखण्डका जनप्रतिनिधि, शैक्षिक व्यक्तित्व र सामाजिक अभियन्ताहरुको जीवनी प्रकाशन गर्न आवश्यक समन्वय, सहजीकरण र सहयोग गरिनेछ ।
  ६. शहिद तथा वेपत्ता र राष्ट्रिय व्यक्तित्वहरुको सम्झना र सम्मान स्वरुप संघ,प्रदेश सरकार र विभिन्न संघ/संस्थाको सहयोग र समन्वयमा शहिद पार्क, अध्ययन-अनुसन्धान केन्द्र, स्मृति कोष स्थापना गरिनेछ।
  ७. शहिद, वेपत्ता, राष्ट्रिय व्यक्तित्वहरुको सम्मान, सम्झनामा सडक, पार्कहरुको नामकरण गरिनेछ।

❖ **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :**

- **महिला, जनजाति तथा दलित नीति**
  १. समाज विकास तथा रुपान्तरणको आधा हिस्सा महिला भएकाले सामाजिक नेतृत्वमा ल्याउन उत्प्रेरणा र क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । महिलाहरुको समान पहुँचका लागि सामाजिक संघ -संस्था / उपभोक्ता समितिहरुमा निश्चित प्रतिशतको अनिवार्य उपस्थिति बनाउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
  २. गरिव ,पिछडिएका, दलित, जनजाति महिलाहरुको क्षमता विकास र आय आर्जनमा जोड दिईनेछ । महिलाहरुलाई आय आर्जनसँग जोड्न सीप विकास र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।
  ३. घरेलु तथा सबैखाले हिंसामा परेका महिलाहरुलाई हिंसा मुक्त वनाउन नागरिक सचेतना कार्यक्रम संचालन गरी हिंसा मुक्त गाउँपालिका घोषणा कार्यक्रमलाई योजनबद्ध रुपमा कार्यान्वयनमा ल्याइनेछ।

४. हिंसामा परेका महिलाहरुलाई कानुनी उपचार र सामाजिक न्यायका लागि कानूनी सचेतनाका साथै महिलाहरुको सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
५. "छुवाछुतमुक्त गाउँपालिका" प्रतिवद्धतालाई कार्यान्वयनमा ल्याइनेछ ।
६. आर्थिक, राजनैतिक, सामाजिक रुपले पिछडिएका गरिब विपन्न दलित समुदायको क्षमता विकासमा जोड दिई सशक्तीकरण गरिनेछ ।
७. "हिंसा, छुवाछुत, विभेदमुक्त गाउँपालिका निर्माण, मर्स्याङ्दी गाउँपालिकाको साझा अभियान" नामक नारालाई अभियानका रुपमा अगाडि बढाइनेछ ।

- **युवा तथा रोजगार नीति**

१. वैदेशिक रोजगारीबाट फर्किएका, रोजगारी गुमाएका युवाहरुलाई उद्यमशीलता विकास गराउन बिउँ पूँजी उपलब्ध गराउने गरी आवश्यक व्यवस्था गरिनेछ ।
२. पालिकामा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरी श्रममुलक आयोजना मार्फत समुदायको विकाससँगै सामाजिक संरक्षणको प्रत्याभूति गराइनेछ ।
३. दक्ष तथा सक्षम जनशक्तिको विकास गरि आन्तरिक रोजगारिको प्रवर्धन गर्न आवश्य सीपमुलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिइनेछ ।
४. संघ तथा प्रदेशले ल्याएको रोजगारमुलक कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।
५. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय, निजी, सहकारी तथा गैह्रसरकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिइनेछ ।
६. युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखि स्वरोजगारमुलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।
७. श्रम सम्बन्धलाई प्राथमिकता दिँदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग, वित्तिय क्षेत्रबाट रोजगारी सिर्जना गरिनेछ ।
८. रोजगार सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।
९. पालिका स्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारलाई समावेशीको न्युनतम मापदण्ड तोकी श्रमिकलाई सञ्चालित आयोजनामा परिचालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गरिनेछ ।
१०. स्वावलम्बन अभियान सञ्चालन गरी युवाहरुलाई रोजगारीका अवसर पहिचानमा सहजीकरण गरिनेछ।
११. युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालनलाई शसक्त रुपमा कार्यान्वयन गरिनेछ ।
१२. श्रमको सम्मान, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षणसहितको श्रम व्यवस्थापन यस गाउँपालिकाको नीति हुनेछ ।
१३. कामका लागि पारिश्रमिकमा, कामका लागि खाद्यन्न सामुदायिक आयोजनाहरुमा सरोकारवालाहरु सँग साझेदारीका लागि पहल गरिनेछ ।
१४. युवा उद्दमशिलता विकास कोषमा रकम वृद्धि गरी थप प्रभावकारी बनाइनेछ ।
१५. समृद्धिको लागि युवा तथा श्रमिक कार्यदल बनाई समृद्धिका लागि श्रम अभियान संचालन गरिनेछ।
१६. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

- **अपाङगता भएका व्यक्ति, जेष्ठ नागरिक, बालबालिका तथा एकल महिला सम्बन्धी नीति :-**
  १. अपाङ्गता भएका व्यक्तिहरुको क्षमता अनुसार सिप विकास , प्रतिभामा सहयोग,अपाङ्ग परिचयपत्र वितरणलाई सहज तरिकाकाले वितरण गरिनेछ ।
  २. एकल तथा विधुवा महिलाको सामाजिक सुरक्षा, मनोवलमा विकास गरी आय-आर्जनमा सहयोग गरिनेछ ।
  ३. जेष्ठ नागरिक परिचय-पत्र वितरणको कार्यलाई निरन्तरता दिईनेछ । जेष्ठ नागरिकहरुको आत्मसम्मान र आय-आर्जनका लागि विभिन्न संघ संस्थासँग सहकार्य गरी अघि बढिनेछ ।
  ४. आजका वालवालिका भविष्यका कर्णधार भएकाले वालवालिकाको क्षमता विकास, बहुप्रतिभाको विकास गराउन वालवालिका संजाललाई क्रियाशील बनाउन कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
  ५. बालउद्यान तथा पार्क निर्माण गरी वाल प्रतिभा कार्यक्रम सञ्चालन गर्ने र साथै वालश्रम मुक्त गाउँपालिका घोषणा गरिनेछ ।

- **वन, वातावरण र जडीबुटी**
  १. सरकारी वनको संरक्षण, वैज्ञानिक वन व्यवस्थापनमा जोड दिई सामुदायिक वनहरुको व्यवसायिकरण र वृक्षारोपणमा जोड दिइनेछ ।
  २. फोहोरमैलाको उचित व्यवस्थापन गरी वातावरण संरक्षण र सरसफाइमा जोड दिइनेछ ।
  ३. वन्यजन्तु तथा जडीबुटी चोरी शिकारी, निकासी, अनियन्त्रित वन फडानी, डढेलो नियन्त्रणमा सचेतनामूलक कार्यक्रम सञ्चाालन गर्नुका साथै कानुनी कारवाहीलाई कडाईका साथ लागू गरिनेछ।
  ४. व्यावसायिक जडीवुटी खेती गर्न प्रोत्साहन गर्दै, जडीबुटी खेतीका लागि नर्सरी बनाउन आवश्यक सहयोग गरिनेछ ।
  ५. तातोपानी कुण्ड संरक्षण, जलवायु अनुकूलित पोखरी निर्माण, धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थल संरक्षण जस्ता कार्यक्रमहरुलाई अघि बढाइनेछ ।
  ६. वन्यजन्तुबाट हुने क्षति न्यूनिकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
  ७. वातारण अनुकुलन व्यवस्थापनको लागिजनचेतना अभिवृद्धि सम्वन्धि कार्यक्रमहरु संचालन गर्ने नीति अवलम्बन गरिने नीति लिईनेछ ।
  ८. भौतिक पुर्वाधार निर्माणको क्रममा भएको क्षतिलाई न्यूनिककरण गर्न चेक ड्याम(बाँध)को व्यवस्था गर्ने नीति लिईनेछ ।
  ९. ढुङ्गा गिटी,बलुवा जस्ता प्राकृतिक स्रोतको प्रयोग र परिचालन गर्दा स्थानीय जनता सँग समन्वय गर्ने नीति लिईनेछ ।

- **मदिरा नियन्त्रण अभियान**
  १. अनियन्त्रित मदिरा सेवनका कारण सामाजमा हुने झै-झगडा मानव स्वास्थ्यमा पर्दै गएको असरहरुलाई मध्य नजर राख्दै मदिरा सेवनलाई निरुत्साहित गर्न मदिरा सेवनबाट मानव स्वास्थ्यमा पर्ने असर र समाजमा उत्पन्न हुने समस्यहरुको बारेमा सचेतना फैलाउने नीति अवलम्बन गरिनेछ । साथै मदिरा विक्रि वितरणका लागि अनिवार्य अनुमति Licence लिनुपर्ने र भए-नभएको समय-समयमा अनुगमन गरिनेछ ।

## ❖ ४.पूर्वाधार विकास नीति

- **क. सडक तथा भवन**

१. सडक सञ्जालले नजोडिएका वस्तीहरुमा सडक सञ्जाल जोड्न प्राथमिकतामा राखी निर्माण कार्य अगाडि बढाइनेछ साथै वस्तीहरुमा जोडिएका सडक सञ्जालहरुको स्तरोन्नतीमा जोड दिइनेछ ।

२. प्रत्येक वडाका मुख्य मुख्य सडकहरुको चौडाईको मापदण्ड ८ मिटर कायम गरी स्तरीकरण गरिनेछ । साथै सडकको केन्द्रबाट कम्तीमा ७ मिटर छाडेर नयाँ घर, भवन तथा संरचना निर्माण गर्न लगाइनेछ । घर नक्सा पासका लागि आवश्यक कार्यविधि तय गरिनेछ । मोटरबाटोमा परेको निजी जमिनको लगतकट्टा गरी सार्वजनिक बनाउन आवश्यक प्रकृया अगाडि बढाइनेछ ।

३. प्रदेश सरकार बाट विनियोजित रकमबाट बन्ने प्रक्रियामा रहेको स्याँगे - घेर्मु, ठुलिबेसि - ताराचोक जोड्ने पक्की मोटरेवल पुल निर्माण कार्यलाई अगाडि बढाउन आवश्यक समन्वय गरिनेछ । साथै खुदी-घनपोखरा सडकको रोप्लेखोलामा मोटरेवल पुलको योजना संघ र प्रदेश सरकार सँग आवश्यक पहल गरिनेछ ।

४. घोडेटो र गोरेटो बाटोहरुको मर्मतका लागि आवश्यक बजेटको व्यवस्था गरी निर्माण कार्य अगाडि बढाइनेछ ।

५. अन्नपूर्ण चक्रिय वैकल्पिक पैदल मार्गको संघ तथा प्रदेश सरकारको साझेदारीमा निर्माण कार्यलाई अगाडि बढाई पर्यटक आकर्षणमा जोड दिइनेछ ।

६. आमा समुह , युवा क्लव लगायत विभिन्न संघ संस्था र समुहद्धारा निर्माण गरिएका भवनहरुलाई सामुदायिक भवनको रुपमा स्थापित गराई बहुउद्देश्यीय सामुदायिक भवनको रुपमा विकास गरी मर्मत संभारमा ध्यान दिइनेछ ।

७. टोल वस्तीमा भएका सामुदायीक भवनहरुलाई सिकाइ तथा अध्ययन केन्दका रुपमा विकास गरिनेछ।

८. वडा नं.- १ र ३ को वडा कार्यालय भवन, वडा नं. २ र ८ को आधारभुत स्वास्थ्य केन्द्र र गाउँपालिका केन्द्रको प्रशासकीय भवन निर्माण कार्य अगाडि बढाइनेछ । निर्माण गर्न बाँकी वडा कार्यलय भवन निर्माण गर्नका लागि आवश्यक जग्गाको व्यवस्था गरी चरणवद्ध रुपमा निर्माण कार्यलाई अगाडि बढाइनेछ ।

- **विद्युत तथा ऊर्जा विकास नीति**

१. एक मेगावाट सम्मको जलविद्युत आयोजनाको सम्भावना अध्ययन गरी सार्वजनिक - निजी साझेदारीमा सञ्चालन गर्न जोड दिइनेछ ।

२. गाउँपालिका भित्रका विद्युतको पहुँच नपुगेका बस्तीहरुमा विद्युत विस्तारको नीति लिइनेछ ।

३. विद्युत गुणात्मक स्तरमा वृद्धि गर्न सम्बन्धित सबै निकाय सँग समन्वय गरिनेछ ।

४. वैकल्पिक ऊर्जामा संघ र प्रदेश सरकारसँग अनुदान माग गरी होमस्टे सञ्चालन भएका वस्तीहरु र बजार क्षेत्रहरुमा सोलार बत्तीको व्यवस्था गरिनेछ ।

५. "मर्स्याङ्दी गाउँपालिकाको पानी ऊर्जामा लगानी" लाई अभियानको रुपमा अगाडी बढाई हाइड्रोमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक प्रक्रिया अगाडि बढाइनेछ, साथै गाउँपालिका भित्र निर्माणाधीन जलविद्युत आयोजनाहरु समयमा नै सम्पन्न गर्नका लागि आवश्यक समन्वय, सहजीकरण र सहयोग गरिनेछ ।

६. मर्स्याङ्दी, खुदी र ड्रादी करीडोरमा सञ्चालन हुने जलविद्युत आयोजनाहरुलाई EIA अनुसार छरछिमेक कार्यक्रम सञ्चालनमा गाउँपालिकाको समन्वयमा पारदर्शी रुपमा सञ्चालन गर्न लगाइने छ ।

७. सञ्चालित जलविद्युत आयोजनाहरुमा स्थानीय स्रोत, साधन र श्रमको उपयोगमा आवश्यक पहल गरिनेछ ।

८. एल.पी. ग्यासको आयातबाट हुने आर्थिक नोक्सानी र वातावरण प्रदुषण न्यूनिकरण गर्न विद्युतीय चुल्हो प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
९. संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्यमा गाउँपालिकालाई दिगो रुपमा आय बढाउन जलविद्युत आयोजनामा आवश्यक लागानी गरिनेछ ।

- **पुन:निर्माण सम्बन्धी नीतिः-**

१. भूकम्पबाट क्षति पुगी लाभग्राही सूचीमा रहेका लाभग्राहीहरुको पुन:निर्माणमा आवश्यक राय-सल्लाह, सुझाव र सहयोग गरिनेछ ।
२. निर्माण सम्पन्न पश्चात अनुदान लिन बाँकी रहेका लाभग्राहीहरुका लागि आवश्यक सहयोग र सहजीकरण गरिनेछ ।
३. भूकम्पबाट क्षती भएका विद्यालयहरुको पुन:निर्माणका लागि आवश्यक सहजीकरण गरिनेछ ।

❖ **सूचना सञ्चार तथा प्रविधि नीति**

१. गाउँपालिकाबाट सम्पन्न हुने सम्पूर्ण कामकारबाही व्यवस्थित, सरल, सहज र पारदर्शी बनाउन सूचना प्रविधिको महत्वपूर्ण भुमिका रहेको तथ्यलाई आत्मसाथ गर्दै अघि बढिनेछ ।
२. संघ सरकारले सम्पूर्ण सरकारी सेवाहरुलाई सूचना प्रविधिमा आबद्ध गर्ने डिजिटल नेपाल फ्रेमवर्क तयार गरेको छ । यस फ्रेमवर्क अवलम्बन गरी जनतालाई E-governance प्रत्याभूति दिइनेछ।
३. विकास, सुशासन र समृद्धिको मूल आधार सूचना प्रविधिलाई विकास गर्दै गाउँपालिकामा अफिस अटोमेसन सिस्टमको विकास गरी डिजिटल पालिकाको रुपमा परिचित गरिनेछ ।
४. कोभिड -१९ जस्ता विपद्को घडीमा जनताको अपेक्षा अनुसार सूचना संकलन, विपद् व्यवस्थापन राहत वितरण कार्यहरु प्रभावकारी ढंगले सम्पन्न गर्न विपद् व्यवस्थापन एप निर्माण गरी कार्यान्वयन गरिनेछ ।
५. गाउँपालिका भित्र रहेका सम्पूर्ण शिक्षा तथा स्वास्थ्य संस्था प्रविधि मैत्री बनाउन नि:शुल्क इन्टरनेट जडानको सरकारी नीतिलाई आत्मसाथ गर्दै क्षमता अभिबृद्धि तालिमको व्यवस्था गरिनेछ। सम्पूर्ण मा.वि विद्यालयहरुमा इन्टरनेट जडान गरी E-Learning को सुरुवात गरिनेछ ।
६. गाउँपालिकाका सम्पूर्ण खातापाता, ढड्डामा रहेका सम्पूर्ण विवरणलाई डिजिटाइज गरिनेछ ।

❖ **विपद् व्यवस्थापन तथा जलवायू अनुकुलन नीति :-**

१. विपद्बाट आइपर्ने मानवीय तथा भौतिक क्षतिको अवलोकन गरी विपद व्यवस्थापन कोषबाट कार्यविधि अनुसार राहत वितरणलाई निरन्तरता दिइनेछ ।
२. वडास्तर र गाउँपालिकास्तरमा बनेको विपद् व्यवस्थापन समिति, स्वास्थ्यकर्मी, सुरक्षा निकाय, रेडक्रस जस्ता संघ संस्थाहरुसँग सहकार्य गर्दै विपद व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।
३. जलवायु परिवर्तनले मानव र जीवजन्तुमा पर्दै गएको प्रतिकुलतालाई अनकुलतामा ल्याउन स्थानीय जलवायू अनकुलन योजना र सामुदायिक अनकुलन योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

❖ **न्यायिक नीति (मेलमिलाप सम्बन्धी):**

१. स्थानीय सरकारलाई संविधानले न्यायिक अधिकार समेत प्रदान गरेकाले न्यायिक समिति मार्फत समाजमा हुने विवादलाई मेलमिलाप गराउने र अन्यायमा परेका पीडित व्यक्तिहरुलाई क्षतिपूर्ति सहितको न्याय दिलाउने व्यवस्था गरिनेछ ।

२. वडाहरुमा मेलमिलाप केन्द्र स्थापना गरी मेलामिलाप कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ । न्यायिक समिति सदस्य र मेलमिलापकर्ताहरुको क्षमता विकासका लागि पु:र्नताजगी तालिमको सञ्चालन गरिनेछ ।
३. कानुनी सचेतना र कानुन सम्वन्धी अभिमुखीकरण गर्न आधारभूत र माध्यमिक विद्यालका विद्यार्थीहरु, टोल सुधार समिति, आमा समूह, युवा क्लवका सदस्यहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
४. न्यायिक समिति मार्फत वालविवाह, जातीय भेदभाव, छुवाछुत ,लैङगिक हिंसा उन्मुलन, मदिरा नियन्त्रण तथा कुलत मुक्त युवा अभियान सञ्चालन गरिनेछ ।
५. न्यायपूर्ण समाज निर्माणको लागि समाजमा घट्ने कुलत, लुटपाट, जुवातास अन्त्यको लागि सामुदायिक प्रहरी साथै युवा क्लव, आमा समुहको साझा सक्रियतामा सार्वजनिक स्थलहरुमा मदिराजन्य वस्तुको उपभोगमा नियन्त्रण गरिनेछ ।

### ❖ भुमि नीति :

१. भू-उपयोगको नीति अवलम्बन गरी जमिनको माटो परिक्षण गरी उचाई अनुसारको सम्भावना भएको कृषि उत्पादनका लागि उर्वर भूमिको उपयोगमा जोड दिइनेछ साथै उर्वरशील समथर भूभागमा वस्ती विकासमा रोक लगाई सिंचाइको व्यवस्था गरी जमिनलाई अधिकतम उपभोगमा ल्याइने छ ।
२. बाँझो जमिनको तथ्याङ्क संकलन गरी कृषि,बन सँग सम्बन्धित खेती सञ्चालन गर्नलाई प्रोत्साहन गरिनेछ ।
३. जग्गा बाँझो राख्ने जग्गाधनी र उपयोगका लागि इच्छुक बीच भाडा, समयावधि र सम्झौताका लागि समन्वयकारी भुमिका निर्वाह गर्न आवश्यक सहजीकरण गरिनेछ । अटेर गरी जमिन बाँझो राखीरहनेलाई तथ्याङ्क संकलन गरी जरिवाना लगाइनेछ ।
४. सार्वजनिक जग्गाहरुको पहिचान, लगत संकलन, संरक्षण र उपयोगको नीति लिइनेछ ।

### ❖ सेवा प्रवाह, सुशासन तथा पारदर्शिता सम्बन्धी नीति :-

१. प्रत्येक नागरिकलाई सूचनाको हक भएकाले गाउँपालिकाभित्र भएका विभिन्न योजना , कार्यक्रम , निर्णय, खर्च तथा अन्य सूचनाहरु गाउँपालिकाको आधिकारिक वेवसाइट तथा अन्य विद्युतीय माध्यम बाट सूचना प्रसारण गर्ने व्यवस्था गरिनेछ ।
२. गाउँपालिकाले प्रवाह गरेको सेवा तथा कार्यान्वयनमा रहेका आयोजना तथा विभिन्न विषयहरुलाई जनतासामु लैजान तथा जनताको पृष्ठपोषण लिन एक आर्थिक वर्षमा कम्तीमा दुई पटक सार्वजनिक सुनुवाईको कार्यक्रम राखिनेछ ।
३. कर्मचारीहरुको क्षमता विकास तथा प्रोत्साहन गर्दै,गाउँपालिकाभित्र आउने सेवाग्राहीलाई छिटो छरितो, चुस्त दुरुस्त सेवा प्रदान गर्दै मुस्कान सहितको सेवा प्रवाह गरिनेछ ।

### ❖ अन्तरपालिका र भगिनी सम्वन्ध सम्बन्धी नीतिः

१. देश भित्रका विभिन्न पालिकाहरु सँग समन्वय, सहाकार्य गरी फोहोर मैला व्यवस्थापन, कृषि उत्पादन, बजारीकरणका निम्ति भगिनी सम्बन्ध अगाडि बढाइनेछ ।
२. इटालीको पोगियो मिर्तेतो नगरपालिकाको निमन्त्रणमा गाउँपालिकाका उपाध्यक्षबाट औपचारिक भ्रमण गरी भगिनी सम्वन्धको प्रस्ताव राखी भगिनी सम्वन्ध बढाउने औपचारिक पत्र समेत आदान-प्रदान भईसकेको र कोरोना भईरसका कारण रोकिएकाले कोरोना भईरस नियन्त्रण पश्चात भगिनी सम्वन्धको प्रकृया अगाडि बढाइनेछ ।

❖ **गैर सरकारी संघ/संस्था सम्बन्धी नीतिः-**

१. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको नीति नियम र कानुनको अधिनमा रहि गाउँपालिकाको विकास र कार्यक्रम संचालनका लागि समन्वय र सहाकार्यको नीति अबलम्बन गरिनेछ ।

❖ **बाल विवाह,लैङ्गिक हिंसा सामाजिक कुरिति, विभेद र छुवाछुत अन्त्य गर्ने अभियान सम्वन्धि नीतिः**

१. बाल विवाह गर्नु कानुनको विपरित र अपराध समेत भएकाले बाल विवाह अन्त्य गर्न विद्यालय र वडा स्तरीय भेला गरी कानुनी सचेतना र शसक्तीकरण कार्यक्रम संचालन गरिनेछ ।
२. लिङ्ग पहिचान गरी गर्भपतन गर्ने प्रवृतिलाई निरुत्साहित गरी छोरी जन्माउने आमा र बुवालाई सम्मान स्वरुप पुरस्कार उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।
३. सामन्ती राज्य व्यवस्थाले दलित समुदाय माथि सुरु गरेको जातीय व्यवस्थाका कारण कायम रहेको दलन ,बहिष्करण, जातीय भेदभाव तथा छुवाछुत,अन्त्य गर्नलाई गाउँपालिकाले गरेको सार्वजनिक प्रतिवद्धतालाई कार्यान्वयन गरिनेछ ।
४. छुवाछुत भेदभावलाई कानुनी रुपमा जघन्य सामाजिक अपराधको रुपमा आत्मासाथ गरी, छुवाछुत मुक्त राष्ट्र घोषणा गरे पनि दलित समुदायले अझै छुवाछुत जन्य अपराधबाट पीडित हुन परेको अवस्थामा दलित र गैर दलित बीचमा हुने छुवाछुत अन्त्य गर्न वडा र बस्ती स्तरमा जनप्रतिनिधिको नेतृत्वमा **सामाजिक अन्तरघुलन र छुवाछुत अन्त्यको अभियान** र गैरदलित भित्र रहेको जातीय विभेद अन्त्य र अन्तरघुलन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ । छुवाछुत विभेद गर्ने सामाजिक अपराधीहरुलाई कानुनी सजायको लागि कानुनी सहायता उपलब्ध गराउन समन्वय, सहयोग र सहजीकरण गरिनेछ ।
५. .महिलाहरुमाथि लिङ्गकै आधारमा हुने भेदभाव, हिंसा, अपहेलन र बहिष्करण अन्त्य गर्न अभियान संचालन गर्दै महिलामाथि हुने हिंस्रक दोषी माथि कानुनी कारबाही बढाउन आवश्यक समन्वय, सहयोग र सहजीकरण गरिनेछ ।

अन्त्यमा यस गाउँपालिकाको विकासमा योगदान पुर्‍याउनुहुने जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, समाजसेवी, बुद्धिजिवी, शिक्षक र जनसमुदायहरु प्रति हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछु ।
धन्यवाद, नमस्कार ।

होम बहादुर बि.क.
उपाध्यक्ष
मर्स्याङ्दी गाउँपालिका, लमजुङ

मितिः-२०७७/०३/४